तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या १३/०७७/०७८ (१०५) मिति २०७८/०१/१५ गते

प्रस्तावहरु:

१. उत्कृष्ट नगरपालिका घोषणा सम्बन्धमा ।
२. जिल्ला प्रशासन कार्यालयको (DCMC) बैठकको निर्णय जानकारी सम्बन्धमा ।
३. कोभिडमा खटिने कर्मचारीहरुको लागि Incentive प्रदान गर्ने सम्बन्धमा ।
४. सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धी कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।
५. नदीजन्य पदार्थ संशोधित कार्ययोजना सम्बन्धमा ।
६. विविध ।
   क) स्वास्थ्य लाभको कामना सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं.-१

- नेपाल नगरपालिका संघद्धारा आयोजना गरिएको नगरपालिका संघको २८ औ वार्षिकोत्सवको उपलक्ष्यमा (आ.व.२०७६/०७७) शहरी सेवा प्रवाह तथा सुशासन क्षेत्रमा भएका कार्यहरुको उच्च मूल्याङ्कन गर्दै यस नगरपालिका उत्कृष्ट नगरपालिका पुरस्कार-२०७७ बाट पुरस्कृत भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट पुरस्कार प्रदान गर्नु भएकोले उक्त कार्यमा पुरस्कृत भए वापत सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू, सामान्य प्रशासन मन्त्री गणेश ठगुन्नाज्यू, नेपाल नगरपालिका संघ लगायत सरोकारवाला सबैमा हार्दिक बधाई तथा कृतज्ञता प्रदान गर्ने निर्णय गरियो । साथै उक्त कार्यमा सहयोग पुर्याउनुहुने सम्पूर्ण राजनैतिक दल, कार्यपालिका सदस्य, नगर सभाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत सहित कर्मचारी, संचारकर्मी, टोल विकास संस्थाका पदाधिकारी, निजी क्षेत्र, सहकारी क्षेत्र, उद्योगी, व्यवसायी लगायतका सबै नगरबासीलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं.-२

मिति २०७८/०१/१५ गते जिल्ला प्रशासन कार्यालय, भैरहवा, रुपन्देहीको (DCMC) को बैठकको निर्णयहरु सम्बन्धमा जानकारी गराई सोही अनुसार कार्यान्वयन गर्ने गराउने निर्णय



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

गरियो । साथै, संघीय सरकार, प्रदेश सरकार तथा जिल्ला प्रशासन कार्यालयबाट जारी गरिने सूचनाहरुलाई कार्यान्वयन गरिने निर्णय गरियो ।

निर्णय नं.-३

- नयाँ भेरियन्ट सहितको कोभिड रोकथाम तथा व्यवस्थापनका लागि आइसोलेसनमा खटिने स्वास्थ्यकर्मीहरु र एम्बुलेन्स चालकहरुलाई जोखिम भत्ता स्वरुप तलव स्केलको १०० प्रतिशत, CICT मा खटिएका स्वास्थ्यकर्मीहरु, नगर प्रहरीहरु, हेल्परहरु र बाँकी सबै सवारी चालकहरुको लागि ५० प्रतिशत र नगरपालिका स्वास्थ्य शाखा तर्फका कर्मचारीहरुलाई उक्त कार्यमा खटिए वापत ४० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने साथै, स्वास्थ्य शाखा प्रमुखलाई संचार खर्च वापत मासिक रु.१००० उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.-४

"सामुदायिक विकास कोष सामाजिक परिचालन सम्बन्धी कार्यविधि, २०७५" प्रथम संशोधन गर्न आवश्यक देखिएकोले हालको परिच्छेद -३ को दफा ८ को उपदाफा ४ लाई देहाय बमोजिमको संशोधन गर्ने निर्णय गरियो ।

| दफा | हालको व्यवस्था | संशोधन गर्नुपर्ने | कारण | कैफियत |
|---|---|---|---|---|
| परिच्छेद -३ को दफा ८ को उपदफा ४ | उपदफा १ बमोजिमको कोषको संचालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र सामाजिक परिचालकको संयुक्त दस्तखतबाट संचालन हुनेछ । | उपदफा १ बमोजिमको कोषको संचालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी, आर्थिक प्रशासन शाखा प्रमुख र सामाजिक परिचालकको संयुक्त दस्तखतबाट संचालन हुनेछ । | | |

निर्णय नं.-५

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा तिनाउ -८ (सेमरी क) क्षेत्रमा उत्खनन् योग्य नदीजन्य पदार्थ फिल्ड निरीक्षण गर्दा कुनै परिमाण नदेखिएकोले सो क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् कार्यको ठेक्का सूचना रद्ध गर्ने र कार्यालयको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत



वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-६ विविध (क)

- नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड-१९) बाट सक्रमित हुनु भएका तिलोत्तमा नगरपालिका वडा नं.-९ का वडाध्यक्ष श्री नारायण न्यौपानेज्यू, लगायत यसबाट सक्रमित अन्य नगरसभाका सदस्यज्यूहरु तथा कर्मचारीहरुमा यस नगरपालिका परिवार शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख